# प्रेश बिज्ञप्ती

स्वास्थ्य बिमा बोर्ड सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नेपालि नागरिकको स्वास्थ्यमा सहयोग पुर्याउने कार्यमा निरन्तर सक्रिय रहेको छ । नेपाली जनताको समग्र स्वास्थ्य स्थितिमा सुधार गर्ने मुख्य लक्ष राखी नागरिकको स्वास्थ्य रक्षा गर्न पूर्व भुक्तानी, जोखिम न्यूनीकरण र वित्तीय संरक्षण गर्नु, वित्तीय साधनको समतामुलक परिचालन गर्नु, स्वास्थ्य सेवाको गुणस्तर, प्रभावकारिता, दक्षता र जवाफदेहिता अभिबृद्दी गरी समतामुलक समाजको निर्माण गर्न दत्तचित्त भएर लागि परेको छ ।

२०७२ सालदेखि संचालनमा आएको कार्यक्रम आजको अवस्था सम्म ल्याइपुर्याउन यस संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको महत्वपुर्ण हात रहेको कुरा घाम जत्तिकै छर्लङ्ग छ । यसको प्रगति र उन्नतिमा रमाउन नसक्ने वा नेपालि नागरिकले स्वास्थ्यमा प्राप्त गर्ने र गरेको उपलब्धिलाई नजरअन्दाज गरी कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई विभिन्न पक्षबाट भईरहेको आक्रामण प्रति गम्भीर ध्यानाकर्षण भएको छ । संस्थाको (बोर्ड) कार्यमा रातदिन नभनी अहोरात्र खटिएका कर्मचारीलाई गलत मनसाय राखी एकापसमा मनमुटाब सिर्जना गर्न लागिपरेका गलत नियत भएका पक्षको पछाडी नलागी बीमा कार्यक्रमलाई सफल बनाउने कार्यमा लाग्नु पर्ने हामी सबैको कर्तव्य र दायित्व हो भन्ने मनन गर्दै संस्थाको प्रगति र उन्नति प्रति कत्तिपनि बिचलित नभई कार्यगर्न र गलत गतिबिधि प्रति डटेर मुकाबिला गर्न बीमा बोर्ड र माहत कार्यालयमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मी तथा कर्मचारीहरुमा स्वास्थ्य बीमा बोर्ड हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
टेकु, काठमाडौं
२०७८

२०७८।१२।२०

कार्यकारी निर्देशक

Scanned with CamScanner